

# नेपालमा आईसीआरसी

ICRC

सक्षिप्त जानकारी




# नेपालमा आईसीआरसी

## परिचय

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) ले तिब्बती शरणार्थीहरुलाई सहयोग उपलब्ध गराउन सन् १९६१ मा नेपालमा आफ्नो कार्यालय स्थापना गऱ्यो । शरणार्थी समस्या सामान्य भएपछि सन् १९६३ मा कार्यालय बन्द भयो । नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीका बीचमा आन्तरिक सशस्त्र द्वन्द्व शुरु भएपछि सन् १९९८ मा नयाँ दिल्लीस्थित क्षेत्रीय प्रतिनिधिमण्डलमार्फत आईसीआरसीले नेपालमा पुनः मानवीय कार्य गर्न शुरू गऱ्यो । काठमाडौंमा आईसीआरसी प्रतिनिधिमण्डलको कार्यालयको स्थापना पुनः सन् २००१ मा भयो ।

सन् १९९६ देखि २००६ सम्म चलेको १० वर्षे सशस्त्र द्वन्द्वको अवधिमा आईसीआरसीले द्वन्द्वका दुवै पक्षद्वारा नियन्त्रणमा लिइएका व्यक्तिहरुलाई भेट्ने, थुनास्थल, अस्पताल र दुर्गम गाउँहरुमा खानेपानी र सरसफाइको अवस्थामा सुधार ल्याउने, घाइते तथा बिरामीहरुको उपचारमा सहयोग पुऱ्याउन अस्पतालहरुलाई तालिम एवं स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराउने, विस्थापित मानिसहरु एवं द्वन्द्वबाट प्रभावित समुदायहरुलाई सहयोग उपलब्ध गराउने र अन्तर्राष्ट्रिय मानवीय कानून र सिद्धान्तहरुको प्रचार प्रसार र प्रवर्धन गर्ने जस्ता गतिविधिहरु सञ्चालन गऱ्यो ।

नेपालमा आईसीआरसीको हालको उपस्थिति भने सशस्त्र द्वन्द्वको अन्त्यपछि पनि अझै जारी मानवीय रुपमा गम्भीर परिस्थितिहरुको सम्बोधन गर्न, नेपाल रेडक्रस सोसाइटी, नेपाल सरकार र अन्य संघसंस्थाहरुको आकस्मिक पूर्वतयारी र उद्धार-कार्यसम्बन्धी क्षमता अभिवृद्धि गर्नमा केन्द्रित रहेको छ ।




# बेपत्ता व्यक्तिका परिवारहरुलाई सहयोग

सशस्त्र द्वन्द्वको अन्त्य भएपछि पनि अझै १३०० भन्दा बढी व्यक्ति बेपत्ता रहेका छन्। बेपत्ता रहेका यी व्यक्तिहरु अझै जीवित छन् वा मरिसके भन्ने बारेमा केही थाहा नभएर उनीहरुका परिवारहरु द्विविधापूर्ण जीवन बाँचिरहेका छन् । धेरैजसो परिवारहरुले हराएका आफन्तलाई के भयो भन्ने बारेमा जवाफ र प्रमाण प्राप्त गर्नु नै उनीहरुको पहिलो आवश्यकता भएको कुरा बताउँछन् ताकि उनीहरुले जीवनलाई सुचारू रुपमा अघि बढाउन सकून्। आईसीआरसीले बेपत्ता व्यक्तिका परिवारहरुलाई निम्न प्रकारले सहयोग गर्दछ:

- सशस्त्र संघर्षका पूर्वपक्षहरुसँग गोपनीय तवरमा वार्ता गरी बेपत्ता आफन्तहरुको अवस्था र परिस्थितिको बारेमा जवाफको खाजी गरेर।
- सरकारी निकायहरु, आम-नागरिकहरु र सहयोग गर्न सक्ने जोकोहीमाझ बेपत्ता व्यक्तिका परिवारहरुका आवश्यकतासम्बन्धी चेतना अभिवृद्धि गरेर।
- सन् २०१० देखि बेपत्ता व्यक्तिका परिवारहरुलाई हातेमालो नामक एकीकृत कार्यक्रममार्फत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग उपलब्ध गराएर । नेपाल रेडक्रस सोसाइटी र स्थानीय गैरसरकारी संस्थाहरुसँग मिलेर कार्यान्वयन गरिएको यस कार्यक्रमले बेपत्ता व्यक्तिका परिवारहरुलाई मनोवैज्ञानिक, आर्थिक, कानूनी/प्रशासनिक, सामाजिक-सांस्कृतिक सहयोग उपलब्ध गराउँछ । सहयोगी समूहहरुको अवधारणामा आधारित बहुआयामिक गतिविधिहरु सञ्चालन गर्दै, यस कार्यक्रमले परिवारहरुलाई आफ्ना समस्याहरुसँग जुध्न र सामाजिक अनि सामुदायिक सम्बन्धहरुको पुनर्निर्माण गर्न सहयोग गर्दै आएको छ। साथै यस कार्यक्रमले विभिन्न सेवा प्रदायक संघसंस्थाहरुको ऐक्यबद्धता सञ्जालको निर्माण गरी उनीहरुका कार्यक्रमहरुमा बेपत्ता व्यक्तिका परिवारहरुलाई पनि समाविष्ट गराउने कार्य गर्दै आएको छ। यस कार्यक्रमले सन् २०१४ सम्ममा लगभग सबै बेपत्ता व्यक्तिका परिवारहरुलाई समेट्ने आशा गरिएको छ।
- बेपत्ता व्यक्तिका परिवारहरुसँग निरन्तर सम्पर्क कायम गरी उनीहरुको चासोका कुनै पनि घटनाक्रमका बारेमा उनीहरुलाई सुसूचित एवं अद्यावधिक गराउन नेपाल रेडक्रस सोसाइटीसँग निकट रही काम गरेर।
- मानव अवशेषको पहिचान गरी बेपत्ता व्यक्तिहरुका स्थिति र अवस्था स्पष्ट पार्नलाई अपराधसँग सम्बन्धित चिकित्सा विज्ञानको क्षेत्रमा सम्बन्धित सरकारी निकायहरुको शवोत्खनन क्षमता अभिवृद्धि गरेर।







# आकस्मिक परिस्थितिका लागि पूर्वतयारी र उद्धार कार्य

## नेपाल रेडक्रस सोसाइटीलाई सहयोग

भूकम्पलगायतका प्रकोप वा हिंसाबाट प्रभावित मानिसहरुको मानवीय आवश्यकता सम्बोधन गर्ने पहिलो निकायको रुपमा नेपाल रेडक्रस सोसाइटीलाई विकसित गर्न यसको सांगठनिक र कार्य सञ्चालन क्षमता सुदृढ पार्न आईसीआरसीले निम्नबमोजिमका सहयोगहरु उपलब्ध गराउछ:

- आवश्यकता रहेका जिल्लाको रेडक्रस कार्यटोलीलाई तालिम एवं आवश्यक सरसमाग्री उपलब्ध गराउने ।
- सहयोग आवश्यक पर्ने मानिसहरुसम्म पहुँच सुनिश्चित गर्न नेपाल रेडक्रस सोसाइटीको तनावपूर्ण परिस्थितिमा कार्य सञ्चालन गर्ने क्षमता अभिवृद्धि गर्ने ।
- एम्बुलेन्सको दुरुपयोगलाई निरूत्साहन गरी र बन्द हडतालमा निर्वाध आवतजावतको लागि एम्बुलेन्सप्रति आदरभाव अभिवृद्धि गराई स्वास्थ्य सेवाको संरक्षण गर्न सम्बन्धित सबै पक्षहरुसँग छलफल कार्यक्रम सञ्चालन गर्न नेपाल रेडक्रस सोसाइटीलाई सहयोग गर्ने ।
- परिवारबाट बिछोडिएका व्यक्तिहरुको स्थिति र अवस्था पत्ता लगाउने र पारिवारिक सम्पर्क पुनःस्थापना गर्ने नेपाल रेडक्रस सोसाइटीको क्षमता अभिवृद्धि गर्ने ।
- मृतकहरुको शव वा अवशेषहरुको पहिचान गर्ने, उचित सम्मानका साथ तिनको व्यवस्थापन गर्ने र अन्तिम संस्कारका लागि परिवारलाई हस्तान्तरण गर्ने कुरा सुनिश्चित गर्न शव व्यवस्थापनसम्बन्धी तालिम प्रदान गर्ने ।

## अन्य संघसंस्थालाई सहयोग

नेपालमा राजनीतिक तथा सामुदायिक हिंसा भड्कने अनि भूकम्प जाने खतरा विद्यमान छ । यसकारण कुनै पनि बेला गम्भीर मानवीय विपत्ति आउन सक्छ । यसै सन्दर्भमा नेपालका स्वास्थ्य र उद्धार सेवामा संलग्न संघसंस्थाहरुको आकस्मिक पूर्वतयारी र उद्धार कार्यक्षमता अभिवृद्धि गर्न आईसीआरसीले स्वास्थ्य संस्था र सरकारी निकायहरुसँग निम्नबमोजिम सहकार्य गर्दछ:

- गम्भीर चोटपटक लागेका बिरामीहरु र ठूलो संख्यामा घाइतेहरु हुँदा उपचार व्यवस्थापन गर्ने चिकित्सकहरुको क्षमता अभिवृद्धि गर्न । गम्भीर चोटपटकको व्यवस्थापन गर्ने उचित ज्ञानले स्थायी अपाङ्गपन र मृत्यूदरलाई न्यून गर्न सघाउ पुग्छ । आईसीआरसीले धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालय अस्पतालसँग मिलेर तालिम सञ्चालन गर्छ ।
- आकस्मिक परिस्थितिमा बिरामीहरुको उपचारका लागि स्वास्थ्य संस्थाहरुलाई चिकित्सा सामाग्री/उपकरण उपलब्ध गराउन ।
- सुरक्षा फौजलाई आकस्मिक प्राथमिक उपचारको तालिम उपलब्ध गराउन । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रशिक्षकहरुले तालिम प्राप्त गर्छन् र तल्लो तहका सहकर्मीहरुलाई प्रशिक्षण गरी आफूले सिकेको सीप प्रदान गर्छन् ।
- प्रकोप व्यवस्थापन योजनाअन्तर्गत मानव शव/अवशेष व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि एवं नीति निर्माण गर्न ।







## शारीरिक पुनःस्थापना

सशस्त्र द्वन्द्वको दौरान घाइते वा अपाङ्ग भएका व्यक्तिहरुको पहिचान गरी आईसीआरसी र नेपाल रेडक्रस सोसाइटीले पोखरास्थित हरियो खर्क अस्पताल र काठमाडौंमा नेपाली सेनाद्वारा सञ्चालित एराहिटी पुनःस्थापना केन्द्रमा सिफारिश गरी पठाउँछन्। आईसीआरसीले यी दुई पुनःस्थापना केन्द्रहरुलाई उपकरणहरु, कृत्रिम खुट्टा बनाउन आवश्यक सामग्रीहरु र तालिम प्रदान गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको शारीरिक अवस्था र आवश्यकताअनुसारका कृत्रिम हातखुट्टा, सहारा दिने उपकरणहरु (ओर्थोसिस), बैसाखी र पाङ्ग्रा भएको मेच (हवील्चेयर) उपलब्ध गराई ती उपकरणहरु प्रयोग गर्न भौतिक चिकित्सा पद्धतिद्वारा उपचार तथा व्यायाम (फिजियोथेरापी) पनि गराइन्छ ।

आईसीआरसीले कम्बोडियास्थित सीएसपीओ (Cambodian School of Prosthetics and Orthotics) मा विद्यार्थीहरुलाई ३ वर्षे अध्ययनका लागि छात्रवृत्ति पनि प्रदान गर्दै आएको छ ।

## द्वन्द्वकालका विस्फोटजन्य अवशेषहरूबाट आम-नागरिकको सुरक्षा

सशस्त्र द्वन्द्वको अन्त्य भए पनि घरेलु निर्मित विस्फोटक पदार्थलगायत विस्फोट हुन बाँकी रहेका विस्फोटक पदार्थहरुले अझै पनि आम-नागरिकहरुको ज्यान लिने र उनीहरुलाई अपाङ्ग बनाउने गरेको छ । यी विस्फोटक पदार्थहरुले पुऱ्याउने खतराका सम्बन्धमा सामुदायिक चेतना सुदृढ पारी मानिसहरुलाई घाइते हुनबाट बचाउन आईसीआरसीले नेपाल रेडक्रस सोसाइटीलाई विस्फोटजन्य पदार्थसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न सहयोग उपलब्ध गराउँदै आएको छ।

यसैगरी, आइसीआरसीले नेपाल सरकारलाई मानव विरूद्ध लक्षित गरी बनाइएका बारूदी सुरूङ्गको प्रयोग र उत्पादनलाई निषेध गर्ने ओटावा महासन्धिलाई अनुमोदन गर्न पनि प्रोत्साहन गर्दछ ।




आईसीआरसी



आईसीआरसी

## अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवीय सिद्धान्तहरुको प्रवर्धन

आईसीआरसीले सरकारी निकायहरु, सशस्त्र र सुरक्षा फौज, शैक्षिक संघसंस्था र नागरिक समाजका प्रभावशाली सदस्यहरुमाझ अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवीय सिद्धान्तहरुको ज्ञान र सम्मानलाई प्रवर्द्धन गर्दछ । आईसीआरसीले निम्नलिखित निकायहरुलाई निम्नबमोजिमका कार्यहरु गर्न सहयोग प्रदान गर्दछ:

- नेपाल सरकारलाई अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी सन्धिहरुको पालना गर्न, यसलाई राष्ट्रिय कानूनमा समाहित गर्न र यिनको पालना सुनिश्चित गर्न ।
- नेपाली सेनालाई तिनका प्रशिक्षण, सिद्धान्त तथा कार्य सञ्चालनमा अन्तर्राष्ट्रिय मानवीय कानूनलाई समावेश गर्न ।
- सशस्त्र प्रहरी बललाई तिनका प्रशिक्षण, सिद्धान्त तथा कार्य सञ्चालनमा सार्वजनिक सुव्यवस्था, बल एवं हतियारको प्रयोग, र पक्राउ तथा थुनालगायतका अन्तर्राष्ट्रिय मानवअधिकार कानूनका विशिष्ट प्रकृतिका कुराहरु समावेश गर्न ।
- चुनिंदा विश्वविद्यालयहरुलाई अन्तर्राष्ट्रिय मानवीय कानूनलाई उनीहरुको पाठ्यक्रममा समावेश गर्न ।
- मिडिया तथा नागरिक समाज सङ्गठनहरुमाझ अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रवर्धन गर्न ।

## भुटानी शरणार्थीहरुलाई सहयोग

नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरेर आईसीआरसीले नेपालमा बसोबास गर्दै आएका भुटानी शरणार्थीहरुलाई उनीहरुका आफन्तहरुसँग सम्पर्क र भेटघाट गर्न सहयोग पुऱ्याउँदै आएको छ ।



आर्नौ म्यालेन्ट/आईसीआरसी



## आईसीआरसीको लक्ष्य

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) निष्पक्ष, तटस्थ र स्वतन्त्र सङ्गठन हो जसको एक मात्र मानवीय लक्ष्य सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरुबाट पीडित व्यक्तिहरुको जीवन र मर्यादाको संरक्षण गर्नु र उनीहरुलाई सहयोग उपलब्ध गराउनु हो । आईसीआरसीले मानवीय कानून र विश्वव्यापी मानवीय सिद्धान्तहरुको प्रवर्धन र तिनलाई सुदृढ पारेर पीडालाई रोक्ने प्रयत्न पनि गर्दछ । सन् १८६३ मा स्थापित आईसीआरसीबाट नै जेनेभा महासन्धिहरु तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको उत्पत्ति भएको हो । यसले सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरुमा रेडक्रस अभियानद्वारा सञ्चालित अन्तर्राष्ट्रिय गतिविधिहरुको निर्देशन र समन्वय गर्दछ ।

विराटनगर
फोनः ०२१ ४७०६३९/४७१३५८
फ्याक्सः ०२१ ४७०४७६

लाहान
फोनः ०३३ ५६२३२२

चितवन
फोनः ०५६ ५२३११८

नेपालगञ्ज
फोनः ०८१ ५२२२६२/५२५५६०
फ्याक्सः ०८१ ५२४४५६

रेडक्रसको अन्तर्राष्ट्रिय समिति
पोष्ट बक्स नंः २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
फोनः ९७७ ०१ ४१०७२८५/४१०७२७९ फ्याक्सः ९७७ ०१ ४१०७१३७
ईमेलः kathmandu@icrc.org वेबः www.icrc.org
© आईसीआरसी, डिसेम्बर २०१३

ICRC

2011.0164/257 12.2013 4000

आवरण फोटोः नरेन्द्र श्रेष्ट/आईसीआरसी